केपिलासगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाक्सिला, खोटाङ

प.सं. : ०७७/०७८
च.नं. :

प्रदेश नं. १
मिति : २०७७।०६।१३

## बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्वन्धि अत्यन्त जरुरी

सूचना ! सूचना !! सूचना !!!

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी, चुहावट रहित र व्यवस्थित बनाउन नेपाल सरकारको नीति अनुसार आ.व. २०७३।०७४ देखि नै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्न पहल हुदै आएको साथै **राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण विभागको** प.सं. २०७७।०७८ च.नं. ३०१ मिति २०७७।०४।३२ को पत्रानुसार आ.व. २०७७।०७८ देखि अनिवार्य रुपमा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने व्यहोरा प्राप्त भएको र उक्त कार्यका लागि यस गाउँपालिकाको मिति २०७७।०५।११ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार यसै आ.व. को दोश्रो चौमासिक देखि यस गाउँपालिकामा पनि सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्ने भन्ने निर्णय भएकाले यस गाउँपालिका भित्र सामाजिक सुरक्षा भत्ता खाई रहेका सम्पुर्ण लाभग्राहिहरुले २०७७ साल पुष मसान्त भित्र तपशिलमा उल्लेखित कागजातहरु लिई दावी विरोधका लागि यस गाउँपालिकाको पञ्जिकरण शाखामा आउनुहुन अनुरोध गरिन्छ ।उक्त लाभग्राहिहरुको नामावली गाउँपालिका र सम्वन्धित वडा कार्यालयमा प्रकाशन गरिएको छ ।

तपशिल :

१. लाभग्राहिको नेपाली नागरिकताको प्रतिलिपि – २ प्रति
२. लाभग्राहिको पासपोर्ट साईजको फोटो – ४ प्रति
३. सम्वन्धित लाभग्राहिको तिन पुस्ते विवरण
४. बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी साथै संरक्षकको नागरिकताको प्रतिलिपि - १/१ प्रति
५. अपाङ्गको हकमा अपाङ्गताको परिचय पत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि - १/१ प्रति (१६ वर्ष भन्दा मुनिका अपाङ्गको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति)
६. विधवा (६० वर्ष भन्दा माथि) को हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति
७. जेष्ठ एकल (अविवाहित) को हकमा वडा कार्यालयबाट प्रमाणित अविवाहित सिफारिस पत्रको प्रतिलिपि – १ प्रति

(विवेक फुयाल)
पञ्जिकरण शाखा प्रमुख

(छविलाल राई)
प्रमुख प्रशासकीय अधिकृत